नेपाल सरकार

# विज्ञापन बोर्डको सूचना।

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क.को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चारमाध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोले विज्ञापन वा सूचना प्रकाशन/प्रसारणको रकम भुक्तानी गर्दा सोही बमोजिम गर्नु गराउनु हुन सरकारी निकाय, विज्ञापन एजेन्सी, सञ्चारमाध्यमलगायत सरोकारवाला सबैमा यसै सूचना मार्फत जानकारी गराईन्छ।

साथै विज्ञापन बापतको रकम भुक्तानी गर्दा भुक्तानी गर्ने सरकारी निकाय वा कार्यालयले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ख. र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क. को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोले सो बमोजिम रकम कट्टा गरी विज्ञापन कोष खातामा जम्मा गर्नुहुन र त्यसको जानकारी बोर्डलाई गराउनु हुन यसै सूचना मार्फत अनुरोध छ।